# शिवपुरी गाउँपालिका

## शेरावगर, नुवाकोट

# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्डः ७ | संख्याः ३ | मितिः २०८०/०३/०६ |

## भाग – २

शिवपुरी गाउँपालिकामा बाल संरक्षण कार्य, बालअधिकार सुनिश्चतताका लागि अन्तराष्ट्रिय र राष्ट्रिय स्तरमा दर्शाएको प्रतिबद्धता प्रति उत्तरदायी हुन तथा देशको संविधान, कानून, राष्ट्रिय रणनीतिहरु र योजना कार्यान्वयनका लागि शिवपुरी गाउँपालिकाको गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको नीति बनाएको हुनाले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

# बालसंरक्षण नीति, २०७९

## “नगरौं बिहेको कुरा भएको छैन बीस वर्ष पूरा ”

**१. पृष्ठभूमि :**

बालसंरक्षण कार्य बालअधिकार प्रवर्द्धनको एउटा महत्वपूर्ण पक्ष हो । नेपालले बालअधिकार सुनिश्चितताका लागि अन्तर्राष्ट्रिय र राष्ट्रिय स्तरमा दर्शाएको प्रतिबद्धताप्रति उत्तरदायी हुन तथा देशको संविधान, कानून, राष्ट्रिय रणनीतिहरु र योजना कार्यान्वयन स्थानीय तहको आधारका रुपमा रहेका छन् । बालअधिकार तथा बालसंरक्षणका लागि थुप्रै अवसरहरु देखिएकाछन् । तिनमाः

१) नेपालको संविधान २०७२, बालअधिकार सम्बन्धी महासन्धि १९८९, स्थानीय सरकार सञ्चालन ऐन २०७४, बालबालिका सम्बन्धी ऐन २०७५, बालबालिका सम्बन्धी राष्ट्रिय नीति २०६९ लगायत नेपाल सरकारले अनुमोदन गरेका र अन्तर्राष्ट्रिय स्तरमा बालअधिकार र बालसंरक्षण सम्बन्धमा दर्शाएका प्रतिवद्धताहरु,

२) राष्ट्रियस्तरका राजनीतिक दलहरुको घोषणापत्रमा बालअधिकारको सवाल समावेश हुनु,

३) कानून, योजना, नीति संस्थागत संरचनाको व्यवस्था,

४) बालअधिकार र बालसंरक्षणमा केन्द्रित कार्यक्रममा विस्तार र आम समुदायको चेतना स्तरमा सुधार हुँदै आउनु,

५) विभिन्न तहका सरकारी निकाय, सङ्घसंस्था तथा विकासका साझेदारहरु बालअधिकार र बालसंरक्षणको सवालमा सकारात्मक रुपमा सक्रिय हुनु,

६) बालबालिका सम्बन्धी गैरसरकारी संस्था र बालबालिकाको आफ्नै संस्था वा समूहको सञ्जाल विकास हुँदै आउनु आफैंमा सकारात्मक पक्षहरु रहेकाले स्थानीय तहमा बालसंरक्षणका लागि अवसर रहेका छन्।

**२. बालसंरक्षण नीतिका उद्देश्यहरुः**

१) बालअधिकार प्रतिकुल हुने हेला, विभेद, दुर्व्यवहार, हिंसा, बञ्चितीकरण, शोषण, अपहेलना लगायत बालबालिकालाई हानी पुऱ्याउने सबै अवस्थाबाट संरक्षण प्रदान हुने अवस्थाको सुनिश्चित गरी बालअधिकारको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्नु यस नीतिको प्रमुख उद्देश्य रहेको छ ।

**३. प्रमुख नीतिहरु :**

१) नेपालको संविधान २०७२, बालअधिकार सम्बन्धी महासन्धि १९८९, स्थानीय सरकार सञ्चालन ऐन २०७४, बालबालिका सम्बन्धी ऐन २०७५, बालबालिका सम्बन्धी राष्ट्रिय नीति २०६९, बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरु योजना २०७५-२०८५ लगायत नेपाल सरकारले अनुमोदन गरेका र अन्तर्राष्ट्रिय स्तरमा बालअधिकार र बालसंरक्षण सम्बन्धमा दर्शाएका प्रतिवद्धताहरु अनुसार बालबालिकालाई विभिन्न प्रकारका हेला, शोषण, हिंसा, दुर्व्यवहार, भेदभाव, समस्या, कष्ट, जोखिम आदिबाट संरक्षण प्रदान, विद्यमान कानूनको प्रभावकारी कार्यान्वयनका साथै आवश्यकता अनुसार गाउँपालिकाको नयाँ कानून, नीति निर्माण गर्ने ।

२) बालसंरक्षणका सवालहरुलाई प्राथमिकताका साथ समावेश गरी मूलप्रवाहीकरण गर्ने ।

३) सम्बद्ध विषयगत र गाउँपालिकाको बार्षिक कार्यक्रम र बजेट विनियोजनमा बालसंरक्षणमा लक्षित कार्यलाई प्राथमिकता दिने ।

४) बालसंरक्षण अन्तर्गत अति कठिन अवस्थामा रहेका, बालश्रमिकको रुपमा बालबालिकालाई सहयोग गर्नका लागि वडा तथा गाउँपालिका स्तरसम्म आकस्मिक कोषको निर्देशिका बनाई कार्यान्वयन गर्ने ।

५) स्थानीय तहमा निःशुल्क बाल हेल्पलाइन फोन वा टोलफ्री फोन सञ्चालन गर्ने ।
६) बालसंरक्षणका मुद्दाहरुमा पीडितलाई निःशुल्क कानूनी र अन्य सहयोग उपलब्ध गराउने ।
७) बालबालिकाको कानूनी प्रक्रियालाई बालमैत्री बनाइने ।
८) विद्यालय र बालबालिका सक्रिय रहने क्षेत्रलाई शान्ति क्षेत्र घोषणा गर्ने ।
९) बालसंरक्षणका सबै सवालहरुमा चेतना अभिवृद्धि गर्ने ।
१०) बालसंरक्षणका सबै सवालहरुको सम्बोधन गर्दा बालबालिकाको उच्चतम हित, उनीहरुको विचार र सहभागितालाई सम्मान गर्ने ।
११) बालमैत्री स्थानीय शासनलाई प्राथमिकता दिने ।
१२) बालसंरक्षणका लागि निरोधात्मक र प्रवर्द्धनात्मक उपायहरु अल्पकालीन र दीर्घकालीन रुपमा विकास गर्ने ।
१३) जोखिमबाट प्रभावित बालबालिकालाई सहयोग गर्न सिफारिस गर्ने (रेफरल) र समन्वय प्रणालीको विकास गर्ने ।
१४) उद्धारकेन्द्र, बालगृह सञ्चालन तथा व्यवस्थापनका लागि सरकारले निर्धारण गरेको न्यूनतम मापदण्डको प्रभावकारी कार्यान्वयन, अनुगमन गर्ने र सो सुविधा दिन गैरसरकारी संस्थाहरुलाई प्रोत्साहित गर्ने साथै बालगृहमा बालबालिका राख्न सिफारिस प्रणाली व्यवस्थित गर्ने ।
१५) राजनीतिक दलहरुको घोषणपत्रमा बालअधिकार सम्बन्धी विषयबस्तु सम्बोधन गर्न पैरवीगर्ने ।
१६) बालअधिकारको संरक्षण र सम्वर्द्धनका लागि संयन्त्र, सञ्जाल तथा समितिहरुको विकास, संस्थागत संयन्त्रको क्षमता विकास, तथ्याङ्कीकरण गर्ने, प्रतिवद्धता जाहेर गर्ने ।

**४. बालसंरक्षण सवालहरुको नीति** : विभेद, दुर्व्यवहार, हिंसा, वञ्चितीकरण, शोषण, अपहेलना लगायत बालबालिकालाई हानी पुऱ्याउने सबै अवस्थाहरुबाट बालबालिकालाई जोगाई बालबालिकाको संरक्षण, सम्बर्द्धन तथा समग्र हितको निमित्त निम्न बमोजिम नीति अवलम्बन गरिएको छ :

**४.१.बालबालिकाकाबीच विभेद र अपहेलना अन्त्य गर्ने** :

४.१.१. परिवारमा छोरा र छोरी, अपांगता भएका र नभएका, साना उमेरका र ठूला उमेरका, आफ्नो र सौतेलो वा धर्मसन्तानबिच हेरचाह र पालनपोषणमा भेदभाव गर्न पाइनेछैन ।
४.१.२. सेवा प्रदायले जातजाति, लिङ्ग, धर्म, वर्ण, भाषा, भेषभूषा, सम्पन्न वा विपन्न, अपाङ्गता भएका र नभएका, साना उमेर समूहका र ठूला उमेर समूहका, भौगोलिक क्षेत्रजस्ता आधारमा हुने भेदभाव अन्त्य गर्ने ।
४.१.३. सीमान्तकृत, बञ्चितीकरण एव्म जोखिममा परेका बालबालिकाको लागि सेवा प्रदान गर्न विशेष व्यवस्था गर्ने ।
४.१.४.आफ्नै वा आफ्नो संरक्षणमा भए बसेका बालबालिकाको पालनपोषणमा भेदभाव वा अपहेलनाको अन्त्य गर्ने ।
४.१.५. जन्म लिन पाउनुपर्ने अधिकार सुनिश्चित पार्ने ।
४.१.६. लिङ्ग परीक्षणलाई कानूनको दायरामा ल्याई निर्मुल पार्ने ।
४.१.७. उच्च स्तरीय नवजात शिशुको स्याहारको व्यवस्था गर्ने ।
४.१.८. गर्भावस्थाको समयमा आमाको उचित स्याहारको व्यवस्था गर्ने ।
४.१.९. आमा र शिशुले पाउने सम्पूर्ण खोपको व्यवस्था हुनुको साथै पर्याप्त पोषणको व्यवस्था गर्ने ।
४.१.१०. स्तनपानको अधिकारलाई प्रत्याभूत गर्ने ।
४.१.११. शारीरिक बृद्धिको लागि आवश्यक पर्ने तत्वहरु ( भिटामिन, मिनरल तथा औषधी ) मा पहुँच सुनिश्चित गर्ने ।
४.१.१२. पुरै घर परिवारलाई शिशु स्याहारको बोध हुनुपर्ने वा गराइनु पर्ने ।

४.१.१३. शिशु अवस्थामा लिङ्ग तथा शारीरिक अवस्थाको आधारमा गरिने भेदभावको अन्त्य गर्ने ।

४.१.१४. बाँच्न पाउने अधिकार बारे बनाइएका नीति नियमहरुको पूर्ण कार्यान्वयन गर्ने ।

४.१.१५. बालअधिकार हनन्मा उजुरी गर्ने परिस्थिति सिर्जना गरी अनुगमन तथा कानूनी कार्यवाही प्रभावकारी बनाउने ।

४.१.१६. हेला, दुर्व्यवहार, शोषण गर्न पाइने छैन ।

**४.२. <u>यौन शोषण तथा यौन दुर्व्यवहारको अन्त्य गर्ने</u> :**

४.२.१. विद्यमान कानूनको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक स्थानीय तहको बालमैत्री कानूनी प्रावधानको व्यवस्था गर्ने ।

४.२.२. हिंसा, यौनशोषण तथा दुर्व्यवहारबाट प्रभावितहरुलाई आवश्यकता अनुसार अल्पकालीन आश्रय स्थलमा राख्ने व्यवस्था गरिनेछ ।

४.२.३. इन्टरनेट, इमेल, मोबाईल जस्ता विद्युतीय सेवा प्रदायकबाट १८ वर्ष मुनिका बालबालिकालाई यौन दुर्व्यवहार हुने सामग्री प्रचारप्रसार नगर्ने व्यवस्था गरिनेछ । साइबर व्यवसायीले बालयौन दुर्व्यवहार नहुने गरी मात्र सूचना प्रवाह तथा सेवा प्रदान गर्ने व्यवस्था गरिनेछ ।

४.२.४.सरकारी निकाय, सामाजिक संघसंस्था, विद्यालय, बालसमूह तथा सञ्चार माध्यमबाट बालयौन शोषण र दुर्व्यवहार विरुद्ध व्यापक चेतना जागरण कार्य गरिनेछ ।

४.२.५. विद्यालयस्तरमा बालअधिकार लगायत यौनशिक्षा तथा यौनशोषण र यौन दुर्व्यवहारका विरुद्धमा थप जोड दिइनेछ ।

४.२.६. कर्मचारी, शिक्षक, अविभावक, निर्वाचित जनप्रतिनिधि, नागरिक समाज, उद्योगी, सरोकारवाला व्यक्ति, व्यवसायी तथा संस्थाहरुले पूर्ण रुपमा बालसंरक्षण नीतिको पालना गर्ने तथा गर्न लगाउने ।

४.२.७. कानूनी प्रक्रियाका लागि सम्बन्धित निकायसँग समन्वय एवम् अभियान चलाउने ।

**४.३. <u>शारीरिक र मानसिक दुर्व्यवहार अन्त्य गर्ने</u> :**

४.३.१. परिवार, शिक्षण संस्था र बालगृहले बालबालिकालाई शारीरिक र मानसिक दुर्व्यवहार दिन पाइनेछैन।

४.३.२. अहिंसात्मक अनुशासन पद्धतिको प्रयोग गर्नका लागि अभिप्रेरित गराउने ।

४.३.३. पारिवारिक तथा विद्यालय भित्रको शारीरिक तथा मानसिक हिंसा वा दुर्व्यवहार अन्त्य गरी बालमैत्री वातावरणको कार्यान्वयनमा जोड दिने ।

४.३.४. सरकारी निकाय, सामाजिक सङ्घसंस्था, विद्यालय, बालसमूह तथा सञ्चार माध्यमबाट बालबालिका विरुद्ध हुने शारीरिक, मानसिक दुर्व्यवहार विरुद्ध व्यापक चेतना जागरण कार्य गरिनेछ ।

**४.४. <u>बालबालिकाको बेचविखन र ओसारपसार अन्त्य गर्ने :</u>**

४.४.१. कुनै पनि प्रयोजनका लागि बालबालिकाको बेचविखन र ओसारपसार गर्ने कार्यलाई अन्त्य गर्ने ।

४.४.२. स्थानीय तहमा बालबालिकाको बेचविखन र ओसारपसार विरुद्ध व्यापक चेतना जागरण कार्य गरिनेछ ।

४.४.३. बालबालिकाको बेचविखन र ओसारपसार विरुद्ध संयुक्त कार्य गर्नको लागि सम्बन्धित गाउँपालिकाको वडा स्तरदेखि जिल्लास्तरमा सञ्जालको व्यवस्था गरिनेछ ।

४.४.४. बेचविखन र ओसारपसारबाट उद्धार गरिएका बालबालिकाको परिवार र समुदायमा पुर्नस्थापनाको व्यवस्था गरिनेछ ।

४.४.५. उद्धार गरिएका बालबालिकालाई आवश्यकता अनुसार सीपमूलक तालिम र बीऊपूँजी (सिड कोष) को व्यवस्था गरिनेछ । गाउँस्तरमा नै गैरसरकारी संस्थाहरुलाई सक्रिय गरिनेछ ।

**४.५. बालविवाह अन्त्य गर्ने :**

४.५.१. बालविवाह विरुद्ध परिवार, समुदाय, विद्यालय र बालबालिका तथा किशोरकिशोरीसम्म जनचेतनामूलक र शैक्षिक जागरण गर्ने ।

४.५.२. गाउँपालिकालाई बालविवाह मुक्त रुपमा विकास गर्ने ।

४.५.३. बालविवाह रोक्न सरकारी र विकासका साझेदार संस्थाहरुको सहकार्यमा समुदाय स्तरका संघसंस्थाहरुलाई परिचालन गरिनेछ ।

४.५.४. विद्यमान कानूनको प्रभावकारी कार्यान्वयन गरिनेछ साथै बालविवाह विरुद्धको उजुरी सक्रियताका साथ लिने र कार्यवाही गर्ने ।

४.५.५. उपरोक्त प्रयोजनको लागि सरोकारवालासँग अन्तरक्रिया गर्ने ।

४.५.६. बालविवाह अन्त्यका लागि वडा तथा समुदाय स्तरमा वडा समितिको नेतृत्वमा समितिहरुको गठन तथा परिचालन गर्ने ।

४.५.७. बालविवाह अन्त्यका लागि आवश्यक रणनीति तथा कार्ययोजना तर्जुमा गर्ने ।

**४.६. द्वन्द्व प्रभावित बालबालिका :**

४.६.१. कुनै सशस्त्र द्वन्द्वमा हुनसक्ने बालबालिकाको प्रयोगलाई रोक्न क्रियाशील हुने ।

४.६.२. द्वन्द्वले बालबालिकामा पर्ने प्रभावलाई न्यून गर्न समुदाय र गाउँपालिकामा चेतनामूलक कार्यक्रम गरिनेछ । विशेष गरी सशस्त्र द्वन्द्व लगायतका राजनैतिक क्रियाकलाप विद्यालय परिसरमा निषेध गरिनेछ ।

४.६.३. द्वन्द्व प्रभावित बालबालिकाको उद्धार, उपचार, शिक्षा, मनोसामाजिक विमर्श, सामाजिक तथा पारिवारिक पुनर्स्थापना लगायतका आवशयक व्यवस्था गर्ने ।

४.६.४. उपर्युक्त कार्य गर्नका लागि स्थानीय तह देखि परिवार स्तरसम्म व्यवस्था गर्न केन्द्रबिन्दुको कार्य विकासका सहकर्मी संस्था तथा नागरिक समाज र स्थानीय संस्थाको सामूहिक प्रयासमा समेत जोड दिइनेछ ।

**४.७. पहिचानबाट बञ्चितीमा परेको बालबालिका** :

४.७.१. जन्मदर्ता गर्न अभिप्रेरित गराउन प्रचार प्रसार गर्ने । बालबालिकाको प्रभावकारी तरिकाले जन्मदर्ता गर्ने व्यवस्था मिलाउने ।

४.७.२. जन्मदर्ता गर्ने कानूनी प्रावधान तथा प्रक्रियाबारे सरकारी, निर्वाचित र अन्य सरोकारवाला व्यक्ति वा संघसंस्थाको व्यापक चेतना जागरण गर्ने ।

४.७.३. सबै बालबालिकाको जन्मदर्ता सुनिश्चित गर्न आवश्यक अभियानलाई प्रोत्साहित गर्ने ।

४.७.४. जन्मदर्ता सम्बन्धी सफ्टवेयर विकास गरी सूचना व्यवस्थित गर्ने ।

४.७.५.जन्मदर्ता हुन नसकेका बालबालिकाको जन्मदर्ताका लागि वडा समितिले विशेष भूमिका निर्वाह गरी जन्मदर्ता सुनिश्चित गरिनेछ ।

**४.८. बालश्रम :**

४.८.१. बालबालिकालाई श्रमिकका रुपमा गरिने प्रयोगलाई बालक्लव, अभिभावक, वडा कार्यालय, सरकारी तथा गैरसरकारी तथा संस्था मार्फत निरुत्साहित गरिनेछ ।

४.८.२. कुनै बालबालिकालाई कुनै पनि बहानामा बालश्रमिकको रुपमा प्रयोग गर्न पाइने छैन । कुनै व्यक्तिले बालश्रमिक प्रयोग गरिरहेको भए श्रमिक बालबालिकालाई निजको परिवार तथा संरक्षकको जिम्मा लगाई निज बालकको शिक्षा, स्वास्थ्य, पालनपोषण लगायत आवश्यक सहयोग प्रदान गर्नु निजको दायित्व हुनेछ ।

४.८.३. निर्वाचित जनप्रतिनिधि, कर्मचारी, शिक्षक, सरकारी तथा गैरसरकारी निकायका प्रतिनिधि, उद्योगी, व्यवसायी, सङ्घसंस्थाका व्यक्ति तथा सरोकारवालाहरुले बालबालिकाहरुलाई श्रमिकको रुपमा प्रयोग गर्ने परिपाटिको पूर्ण रुपमा अन्त्य गरिनेछ । यस कार्यमा गाउँपालिकाले आवश्यक अनुगमन गरी बालश्रमिक प्रयोग गरिएको पाइएमा कालो सूची निकाल्ने, सेवासुविधाका साथै दर्ता नविकरण रोक्का गर्ने तथा आवश्यक कानूनी कार्यवाही सञ्चालन गरिनेछ । यस कार्यमा आवश्यकता अनुसार प्रदेश तथा संघीय सरकारको समेत सहयोग लिइनेछ ।

४.८.४. बालश्रमको प्रयोगको अनुगमन गर्ने प्रणालीलाई सशक्त बनाइनेछ । यस कार्यकालागि स्थानीय तहले बालश्रम अनुगमन समिति गठन गरी अनुगमन तथा कानूनको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।

४.८.५. उद्धार गरिएका बालश्रमिकको पारिवारिक तथा संस्थागत पुनःस्थापनाको लागि आवश्यक जोड दिइनेछ । यस कार्यका लागि विकासका सहकर्मीहरुसँग सहकार्य गरिनेछ ।

४.८.६. वडासमितिको नेतृत्वमा वडा तथा समुदायमा विविध किसिमका बालश्रमसँग सम्बन्धित तथ्याङ्क सङ्कलन र सूचना प्रणाली व्यवस्थित गरिनेछ ।

४.८.७. श्रमकै लागि आफ्नो बासस्थान छोड्ने बालबालिकाहरुलाई आवश्यक सहयोग गरी पारिवारिक पुनःस्थापनाको वातावरण सृजना गर्नु वडा समिति तथा गाउँपालिकाको प्रमुख जिम्मेवारी रहनेछ ।

४.८.८. श्रमिक बालबालिकालाई उद्धार गरी गाउँपालिकाले परिवारमा पुनःस्थापना गर्नुका साथै निज बालबालिकालाई शिक्षा, स्वास्थ्यका साथै अभिभावकहरुलाई जीविकोपार्जन तथा आर्थिक क्रियाकलाप, रोजगारमूलक कार्य सञ्चालनका लागि आवश्यक आर्थिक एवम् प्राविधिक सहयोग प्रदान गर्नेछ ।

**४.९. <u>एच.आइ.भी. र एड्सबाट सङ्क्रमित र प्रभावित बालबालिका</u>** :

४.९.१. एचआइभी र एड्सबाट रोकथाम, सुरक्षित उपायहरु, रक्त परीक्षण लगायत एचआइभी र एड्स शिक्षा सम्बन्धमा व्यापक चेतना अभिवृद्धि गर्ने व्यवस्था गरिनेछ ।

४.९.२. एचआइभी र एड्सबाट सङक्रमित तथा प्रभावित बालबालिकाको वडा समितिले अभिलेख राख्ने व्यवस्था मिलाइनेछ ।

४.९.३.स्वास्थ्य सेवामा एचआइभी प्रभावित र एड्सबाट सङ्क्रमित बालबालिकाको पहुँचलाई सहज बनाइनेछ ।

४.९.४. एचआइभी र एड्सबाट सङ्क्रमित तथा प्रभावित बालबालिकाका निमित्त शिक्षा, स्वास्थ्य, पोषण लगायतका आधारभूत सेवा, पारिवारिक, सामुदायिक तथा संस्थागत पुनःस्थापना कार्यक्रम सञ्चालन गरिनेछ ।

४.९.५. एचआइभी र एड्स सङ्क्रमित बालबालिकाको पहिचान खुल्ने विवरणलार्य गोप्य राख्ने व्यवस्था मिलाईनेछ ।

४.९.६. ARV सेवालाई स्थानीय तहमा सरलरुपमा विस्तार गरिनेछ र यसकार्यमा विकासका सहकर्मीहरुलाई पनि प्रोत्साहन गरिनेछ ।

**४.१०. <u>अपाङ्गता भएका बालबालिका</u>** :

४.१०.१.अपाङ्गता भएका बालबालिकाको अभिलेख वडा कार्यालयले दुरुस्त राख्ने व्यवस्था मिलाइनेछ ।

४.१०.२.अपाङ्गता हुन सक्ने कारण, रोकथामका उपाय र आवश्यक हेरचाह बारेमा चेतना जागरणका कार्यक्रम सञ्चालन गरिनेछ ।

४.१०.३.अपाङ्गता भएका बालबालिकाको शिक्षा, स्वास्थ्य जस्ता आधारभूत सेवामा सहज पहुँचको व्यवस्था सुनिश्चित गरिनेछ । यसका निमित्त अपाङ्गताको प्रकृति अनुसारका आवश्यक सहयोगी सामान, उपकरण तथा पुस्तक, मासिक जीविकोपार्जन भत्ताको व्यवस्थामा जोड गरिनेछ ।

४.१०.४. सार्वजनिक स्थल तथा भवनहरुमा, सूचना, संचारमा, अतिरिक्त क्रियाकलापमा अपाङ्गता भएका बालबालिकाको सरल र सहज पहुँच बढाउन आवश्यक पर्ने भौतिक सुविधा र संयन्त्रको विकासमा जोड दिइनेछ ।

४.१०.५. अति कठिन अवस्थाका अपाङ्गता भएका बालबालिकाको लागि उद्धार तथा पुनःस्थापना केन्द्रको सुविधाको व्यवस्था गरिनेछ ।

४.१०.६. परिवारले पालनपोषण तथा हेरचाह गर्न नसकेका बालबालिकालाई विशेष सहयोग र हेरचाहको व्यवस्था गरिनेछ ।

**४.११. परिवार विहीन, परित्यक्त र वेवारिसे बालबालिका** :

४.११.१. बाबु वा आमा दुबै नभई हेरचाह गर्ने कोही नभएका र बाबुआमामध्ये एक भएपनि पालनपोषण गर्न सक्षम नभएका वा परित्यक्त वा वेवारिसे बालबालिकाको पहिचान र अभिलेखका निमित्त वडा कार्यालय, प्रहरी, गाउँपालिका आदिलाई क्षमता अभिवृद्धिको कार्य गरिनेछ ।

४.११.२. बालबालिकाको आफ्नै आमाबुवा वा नातागोतामा हेरचाह गर्ने कार्य प्रवर्द्धन गर्न समन्वयमा उपयुक्त कार्यक्रम ल्याइनेछ । यसका निमित्त पारिवारिक सहयोग वृत्ति व्यवसायिक तालिम, जीविकोपार्जन जस्ता क्रियाकलाप सञ्चालन गरिनेछ ।

४.११.३. बाबुआमा दुबै नभई हेरचाह गर्ने कोही नभएका र आफ्नै परिवार र नातागोतामा पालनपोषण हुन नसक्ने बालबालिकालाई गाउँपालिका भित्र नै आवासीय विद्यालय वा गाउँपालिकाले बालगृह वा बालसंरक्षण केन्द्र स्थापना गरी बालबालिकाको अभिभावकत्व, संरक्षण शिक्षा, स्वास्थ्य तथा पालनपोषणको व्यवस्था गरिनेछ अथवा यस्ता बालगृह सञ्चालन गरेका अन्य गाउँपालिका वा सङ्घसस्थासँग समन्वय गरेर राख्ने व्यवस्था गरिनेछ ।

**४.१२. सडकमा आश्रित बालबालिका** :

४.१२.१. सडकमा आश्रित बालबालिकाको अभिलेख दुरुस्त गर्न गाउँपालिकाले सबै संयन्त्रलाई परिचालन गर्ने ।

४.१२.२. सडकमा आएका बालबालिकालाई तुरुन्तै उद्दार गरी ट्रान्जिट सेन्टरमा राख्ने एवम् परिवारमा पुनःएकिकरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि पारिवारिक सहयोग र अन्य कार्यक्रम समेत सञ्चालन गरिनेछ ।

४.१२.३.सडकमा आश्रित बालबालिकाको उद्धार, पुनःस्थापना ( स्वास्थ्य सेवा, मनोविमर्श, कुलत छुटकारा ), सामाजिकीकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

४.१२.४. यस कार्यका लागि सामुदायिक संस्था, गाउँबाल संरक्षण समिति र स्थानीय तहलाई जिम्मेवार बनाई क्षमता अभिवृद्धि गरिनेछ । साथै विकासका साझेदारसँग सहकार्य गरिनेछ ।

**४.१३. कानूनसँग विवादमा परेका बालबालिका** :

४.१३.१. बिज्याइँ गरेको भनी आरोप लागेका बालबालिकाले गरेको सामान्य प्रकृतिका बिज्याइँलाई समुदायमा नै बालबालिकाको उच्चतम हितलाई ध्यानदिई पारिवारिक पुनर्स्थापनामा जोड दिने ।

४.१३.२. औपचारिक कानूनी प्रक्रियाका हरेक तहलाई बालमैत्री बनाइनेछ । क्रमशः सबै निकायहरुमा बालबालिकाको निमित्त विशेष एकाईहरु स्थापना गर्न जोड दिने र ती एकाईहरुलाई सशक्तीकरण गर्ने ।

४.१३.३. बालइजलासलाई प्रभावकारी बनाउन समन्वयकारी भूमिका खेल्ने ।

४.१३.४.कानूनसँग विवादमा परेका बालबालिकालाई मद्दत र सुधार गर्ने लक्ष्य राखिनेछ ।

४.१३.५. निःशुल्क कानूनी सहायताको व्यवस्था गर्ने ।

४.१३.६. समुदायमा आधारित संस्थाहरु तथा सेवा प्रदायकहरुले कसुर गर्ने बालबालिकाको पुनः एकीकरणमा सहयोग गर्नका लागि मनोविमर्श र पारिवारिक सहायता उपलब्ध गराउने ।

४.१३.७. औपचारिक कानूनी प्रक्रियामा बालबालिकाको विचार, दीर्घजीवन र विकास, सर्वोत्तम हितलाई महत्व दिने ।

**४.१४. अपराधबाट पीडित र साक्षी बालबालिका** :

४.१४.१. कुनै अपराधबाट वा कसैले पुर्‍याएको हानीबाट पीडित बालबालिकालाई संरक्षण गर्ने ।

४.१४.२. पीडित बालबालिकाको उद्धार, उपचार, मनोविमर्श, आकस्मिक स्याहार, कानूनी प्रतिनिधित्व, भौतिक सुरक्षा लगायतको अन्य सहयोग गर्ने ।

४.१४.३. बालसंरक्षण सरोकारका मुद्दाहरुमा भएका साक्षी बालबालिकाको सुरक्षा र आवजातको उचित प्रबन्ध गर्ने ।

४.१४.४. औपचारिक कानूनी प्रक्रियामा बालबालिकाको विचार, दीर्घजीवन र विकास, सर्वोत्तम हितलाई महत्व दिने र उनीहरुको गोपनियताको हकलाई संरक्षित गरिनेछ ।

**४.१५. विद्यालय शिक्षाबाट बञ्चित बालबालिका** :

४.१५.१. आफ्नो सेवा क्षेत्रभित्र विद्यालयबाट बञ्चित बालबालिकाको अभिलेख तयार पारी तिनको प्रभावकारी रुपमा व्यवस्थापन गर्ने ।

४.१५.२. विद्यालयहरुले अनुपस्थित हुने बालबालिकाको अनुगमन गरेर परिवार र बालबालिकालाई सहयोग गर्ने ।

४.१५.३. सरकारी तथा गैरसरकारी संस्थाले छात्रवृति न्यायोचित र समतामूलक मापदण्ड तयगरी वितरण गर्ने साथै बालबालिकाको विद्यालय निरन्तरता सुनिश्चित गरी अनुगमन गर्ने ।

४.१५.४. गैरसरकारी संस्थाहरुलाई विपन्न परिवारका लागि आयआर्जन परियोजनाहरु सञ्चालन गर्न सहयोग गर्ने ।

४.१५.५. सेवा प्रदायकहरु मार्फत आवश्यक स्थापनामा अस्थायी विद्यालय स्थापना गर्ने ।

४.१५.६. बालबालिकालाई औपचारिक विद्यालयमा पुनः प्रवेश गर्नका लागि समुदायमा आधारित संस्थाहरुलाई सहयोग गर्ने ।

४.१५.७. अनाथ, असहाय, अपाङ्गता भएका बालबालिकाहरुका लागि आवसीय विद्यालयको व्यवस्था गर्ने ।

**४.१६. हानिकारक कार्य तथा अभ्यासहरु** :

४.१६.१. परम्परा, संस्कृति, जात, लिङ्ग,धर्मका आधारमा बालबालिकालाई हानी पुर्‍याउने सबै किसिमका प्रचलन, प्रथा तथा कार्यहरुलाई निरुत्साहन गरिनेछ ।

४.१६.२. हानीकारक अभ्यासहरु विरुद्ध प्रचारप्रसार, चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

४.१६.३. हानीकारक तथा जोखिमपूर्ण अभ्यासमा संलग्न गराइएका बालबालिकालाई उद्धार गरी परिवारिक पुनःस्थापनाको व्यवस्था गर्ने ।

४.१६.४. बालबालिकाको सर्वोत्तम हित बाहेकका कार्याक्रम (र्‍याली, आन्दोलन, आम सभा, युद्ध आदि) मा बालबालिकाको प्रयोगमा रोक लगाउने ।

४.१६.५. बालबालिका रहने क्षेत्रलाई विपद् जोखिमबाट टाढा राख्ने सुरक्षित बनाउने ।

४.१६.६. कुरीतिजन्य हिंसा (बालविवाह, बलिप्रथा, देउकी प्रथा, कमलरी, छाउपडी) अन्त्य गर्ने तथा आवश्यकताका लागि नीति निर्माण गरी कार्यान्वयन गर्ने ।

**४.१७. <u>बालबालिकालाई संरक्षण गर्नुपर्ने अन्य अवस्थाहरु</u> :**

**४.१७.१. आश्रित कालबालिका** : बाबु वा आमा वा दुबै जेलमा परी हेरचाह गर्ने अरु कोही नभई सँगै आश्रितका रुपमा बसेका बालबालिकालाई संस्थागत तथा परिवारिक हेरचाहको व्यवस्था गरिनेछ।

**४.१७.२. हराएका वा अलपत्र अवस्थामा भेटिएका** : हराएका वा अलपत्र अवस्थामा भेटिएका बालबालिकालाई संरक्षण गर्ने, अस्थायी केन्द्रमा राखी बाबुआमा वा परिवार खोज्ने, परिवारमा पुनःएकीकरण र पुनर्स्थापना गर्नका लागि उद्धार तथा अस्थायी केन्द्र स्थापना गरिनेछ ।

**४.१७.३. अति गरिब परिवारमा जन्मेका बालबालिका** : यी बालबालिकाका निमित १८ वर्ष सम्मको लागि शिक्षा, जीवनोपयोगी तालिम, स्वास्थ्य उपचार जस्ता आधारभूत सेवा निःशुल्क व्यवस्था गरिनेछ साथै पारिवारिक सहयोग प्रदान गरिनेछ ।

४.१७.४. सार्वजनिक स्थल वा सवारी साधनबाट बालबालिकालाई हुन सक्ने हानीबाट जोगाउने सुरक्षित मापदण्डहरु निर्धारण गरी कार्यान्वयन गरिनेछ ।

४.१७.५. गर्भमै बालबालिकाको लिङ्ग पहिचान गर्ने, लिङ्गका आधारमा भेदभाव गर्ने अवस्थालाई निरुत्साहित गरी त्यस बिरुद्ध प्रचारप्रसार गरिनेछ ।

४.१७.६. लागूऔषध वा अन्य दुर्व्यसनमा लागेका बालबालिकाको पुनःस्थापनाका लागि उपचारात्मक, मनोविमर्शात्मक तथा अन्य सहयोग कार्यक्रमहरु सञ्चालन गरिनेछ । यसका लागि विकासका साझेदार, व्यावसायिक र निजी क्षेत्रसँग समेत समन्वय गरिनेछ ।

४.१७.७ लागु पदार्थ ओसारपसार तथा सेवनबाट रोक लगाउन सचेतनात्मक कार्यक्रम लगायत मनोसामाजिक विमर्शकर्ताको व्यवस्था गर्ने ।

४.१७.८. बालमैत्री विद्यालयहरुको व्यवस्था गर्ने ।

४.१७.९. अनिवार्य निःशुल्क शिक्षाको व्यवस्था मा.वि. तहसम्म गर्ने ।

४.१७.१०. बालश्रमिकलाई बैकल्पिक शिक्षाको व्यवस्था गर्ने ।

४.१७.११.उद्धार, पारिवारिक मिलन, पुनर्स्थापनाका लागि बाल संरक्षण कोषको व्यवस्था गर्ने ।

४.१७.१२. निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था गर्ने ।

४.१७.१३. बालबालिकाको लागि मात्र विशेष स्वास्थ्य शिविरको व्यवस्था गर्ने ।

४.१७.१४. बालमैत्री परिवार, विद्यालय, समाज निर्माणका लागि जनचेतना कार्यक्रमको व्यवस्था गर्ने ।

४.१७.१५. बाल विकासका लागि जोखिमपूर्ण कामबाहेक सीपमूलक शिक्षाको व्यवस्था गर्ने ।

४.१७.१६. बालमैत्री पुस्तकालयको व्यवस्था (आपाङ्गमैत्री विद्यालय र खेल मैदान निर्माण) गर्ने ।

४.१७.१७. बालमैत्री पार्क, खेलमैदानको विकास गर्ने ।

४.१७.१८. कारागारमा पनि बाल शिक्षाको व्यवस्था गर्ने ।

४.१७.१९. बालबालिकाको लागि परिवार तथा विद्यालयमा पोषणयुक्त खानाको व्यवस्था गर्ने ।

४.१७.२०.बालबालिकाको प्रतिभा विकासका लागि विद्यालयमा अतिरिक्त कृयाकलाप सञ्चालनको व्यवस्था गर्ने ।

४.१७.२१. बालक्लब, बालसञ्जाल गठन र क्षमता अभिवृद्धि गर्ने ।

४.१७.२२.बालबालिकालाई कुलतमा लाग्न नदिन र कुलतबाट बाहिर ल्याउन जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

४.१७.२३.बालबालिकाको मानसिकतामा नकारात्मक असर पर्ने खालका गतिविधिमा सहभागी नगराउने ।

४.१७.२४.विभिन्न स्थानमा बालबालिकालाई स्थलगत भ्रमण गराई उत्कृष्ट कार्य अनुशरण गराउने ।

४.१७.२५. धर्मसन्तानका लागि कानून मुताविक विशेष प्रक्रिया व्यवस्थित गरिनेछ ।

४.१७.२६. स्वास्थ्य एवम् आकस्मिक कारणले संकटमा परेका बालबालिकालाई राहत प्रदान गरी सहयोग अभिवृद्धि गरिनेछ ।

४.१७.२७. प्राकृतिक विपत्तिबाट प्रभावित तथा आन्तरिक बिस्थापित बालबालिका : यी बालबालिकाका लागि आधारभूत सेवा सुविधामा पहुँचको सुनिश्चितताको व्यवस्था गरी जीवनयापन सहज बनाइनेछ। यस कार्यका लागि विकासका साझेदार सँग सहकार्य गरिनेछ।

**५. बाल संरक्षण नीति कार्यान्वयनको लागि संस्थागत व्यवस्था, समन्वय, अनुगमन र मूल्याङ्कन तथा कार्यवाही सम्बन्धी व्यवस्था :**

**क) संस्थागत व्यवस्था** : गाउँपालिकाले यस नीतिलाई प्राथमिकतामा राखी आफ्नो क्षेत्रभित्र तुरुन्त लागू गर्नेछ। यस कार्यमा गाउँ कार्यपालिका, वडासमिति, वडा तथा गाउँ स्तरीय बाल संरक्षण समिति, बालश्रम निवारण समिति, बालमैत्री स्थानीय सरकार समिति, बालक्लव, लगायत प्रमुख संयन्त्रको रुपमा विकास गरिनेछ। यस्ता संयन्त्रहरुको क्षमता अभिवृद्धि गर्दै बालसंरक्षणका लागि जिम्मेवार बनाइनेछ।

**ख) समन्वय** : नीति, कानून तथा आवधिक र वार्षिक कार्यक्रम तर्जुमा प्रक्रियामा सरोकारवालहरुका साथै विषयगत शाखा बीच गाउँपालिकाद्वारा समन्वय गरी बालसंरक्षण सँग सम्बन्धित रहेका हरेक क्षेत्रमा आवश्यक नीति, कानून, कार्यक्रम तथा बजेट तर्जुमा गरी लक्षित वर्गको प्रत्यक्ष हितमा बजेट कार्यान्वयन गरिनेछ। यस कार्यमा गाउँपालिकाले वडासमिति, वडा तथा गाउँपालिका स्तरीय बाल संरक्षण समिति, बालक्लब, बालसञ्जाल, बालश्रम, निवारण समितिलाई आवश्यक सहयोग तथा सहजीकरण गर्नेछ। साथै सरोकारवाला निकायहरु बीच नीतिको प्रभावकारी कार्यान्वयनका लागि समन्वय गर्नेछ।

**ग) अनुगमन तथा मूल्याङ्कन**: वडा तथा समुदाय स्तरमा वडासमिति, वडा बालसंरक्षण समिति तथा गाउँपालिकाको हरेक तहमा गाउँकार्यपालिका तथा गाउँ बालसंरक्षण समितिले यस नीतिको कार्यान्वयनको अनुगमन र मूल्याङ्कन गर्नेछ। यी निकायहरुको अनुगमन र मूल्याङ्कन प्रतिवेदन गाउँपालिकामा पेस गर्नेछ।

**घ) कार्यवाही** : बालसंरक्षण नीतिको सम्मान गर्नु प्रत्येक व्यक्तिको दायित्व हुनेछ। यस नीतिको विपरीतका कार्य गर्ने जुनसुकै व्यक्तिलाई गाउँपालिकाले कानूनी कार्यवाहीका लागि पहल गर्ने, जरिबाना, नवीकरण तथा दर्ता रोक्का गर्ने, सेवासुविधा, भुक्तानी तथा सिफारिस रोक्का गर्ने, तलब भत्ता तथा ग्रेड रोक्का गर्ने लगायत गाउँ कार्यपालिकाले उचित ठानेको कानून बमोजिम कार्यवाही गर्नेछ।

**आज्ञाले**
**वसन्त कार्की**
**प्रमुख प्रशासकीय अधिकृत**